छबिसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी,बझाङ्ग

# स्थानिय राजपत्र

खण्ड : ६ संख्या : ८ मिति : २०७९/०९/२६

## भाग २

### जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धि कार्यविधि २०७९

गाउँसभाबाट स्विकृत मिति : २०७९/०९/२६
राजपत्रमा प्रकाशन मिति : २०७९/०९/२६

आज्ञाले
गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

# जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धि कार्यबिधि २०७९

**प्रस्तावना :**

संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनयुद्ध जनआन्दोलन,मधेस आन्दोलन लगाएतका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक,बेपत्ता परिवारलाई द्वन्द्वको पीडा कम गर्न "जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा पीडित भएका व्यक्ति वा परिवारका सदश्यका साथ छबिसपाथिभेरा गाउँपालिका" भन्ने नाराका साथ जनआन्दोलमा शहिद,मृतक तथा बेपत्ता पारिएका व्यक्ति वा तिनका परिवारलाई जीवन निर्बाह आर्थिक सहायता राहत अनुदान कार्यक्रममा सहयोग गर्ने अभिप्रायले आ.२०७९/०८० को निति,कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न छबिसपाथिभेरा गाउँपालिकाले यो कार्यबिधि बनाई कार्यान्वयनमा ल्याएको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यबिधिको नाम जनयुद्ध, जनआन्दोलन,मधेस आन्दोलन लगाएतका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जिबन उर्त्सग गर्ने सहिद, मृतक तथा बेपत्ताका परिवारलाई सहायता गर्ने सम्बन्धि कार्यबिधि २०७९ रहेको छ ।

२. यो कार्यबिधि छबिसपाथिभेरा गाउँपालिकाको गाउँसभा बाट स्वीकृत भएको मिति बाट लागुहुने छ ।

## २. परिभाषा :

१. **"सहिद मृतक बेपत्ता परिवार"** भन्नाले संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक तथा बेपत्ता पारिएका परिवार भन्ने सम्झनु पर्दछ ।

२. **"परिवार"** भन्नाले संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनयुद्ध,जनआन्दोलन, अन्य आन्दोलन लगाएका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक तथा बेपत्ता पाविार सँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने पति,पत्नी,छोरा,छोरी,धर्म,सन्तान नातिनातिना,बाबुआमा वा सतौनी आमा सम्झनु पर्छ । र सो शब्दले पुरुष र महिलाको हकमा बाजेबज्यै तथा बिबाहित महिलाको हकमा निजको सासुससुरा समेत लाई जनाउँदछ ।

३. **"गाउँपालिका"** भन्नाले छबिसपाथिभेरा गाउँपालिका लाई सम्झनु पर्छ ।

४. **"सहायता प्राप्त गर्ने ब्यक्ति"** भन्नाले संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तीका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहिद,मृतक तथा बेपत्ता पारिएका ब्यक्ति सम्झनु पर्छ ।

## ३. सहायताको लागि निबेदन दिनुपर्ने :

१. यस कार्यबिधि बमोजिम सहायता प्राप्त गर्नका लागि जनयुद्ध,जनआन्दोलन, अन्य आन्दोलन लगाएतका राजनैतिक आन्दोलनहरुमा सहिद, मृतक तथा बेपत्ता पारिएका ब्यक्तिका परिवारले अनुसूचि १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्छ ।

२. दफा ३ बमोजिम प्राप्त निबेदनका आधारमा गाउँपालिका कार्यालयले सहायत प्राप्त गर्ने परिवार र व्यक्तिको सूचि प्रकाशन गर्नेछ ।

## ४.सहायताको सिमा :

यस कार्यबिधि बमोजिम सहायता प्राप्त गर्न देहाय बमोजिम अनुदान रकम पाउने छन् ।

१. शहिद,मृतक तथा बेपत्ता परिवार निर्बाह आर्थिक राहत सहायता, राहत अनुदान, जनयुद्ध,जनआन्दोलन लगाएतका राजनैतिक आन्दोलनहरुमा जीबन उत्सर्ग गर्ने शहिद,मृतक तथा बेपत्ता परिवारका एक जनाका दरले प्रति व्यक्ति प्रति महिना रु.२०००। (अक्षेरुपी दुई हजार) का दरले जीबन निर्बाह आर्थिक राहत उपलब्ध गराईने छ ।

## ५. सहायता प्राप्त गर्ने कार्यबिधि :

१. यस कार्यबिधि बमोजिम सहायता जिल्ला प्रशासन कार्यालय चैनपुर बझाङ्गबाट प्राप्त अभिलेखलाई आधारमानी छबिसपाथिभेरा गाउँपालिका भित्रका दफा ३ को उपदफा २ बमोजिम सुचिमा समाबेश भएका परिवारका व्यक्तिलाई मात्र बितरण गरिने छ ।

तर यस व्यबस्थाले जिल्ला प्रशासन कार्यालय बझाङ्गको अभिलेखमा नरहेको हकमा सत्य निरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचय पत्र पेश गरेको व्यक्तिलाई सहायता रकम उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

२. यस कार्यबिधि बमोजिम सहायता प्राप्त गर्ने व्यक्तिले सहायता माग गर्दा अनुसुचि १ बमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरि छबिसपाथिभेरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा निबदेन पेश गर्नु पर्दछ ।

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

ख) आधिकारिक निकायबाट जनयुद्ध तथष सबै प्रकारका जनआन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवार जारी भएको परिचय पत्र वा नेपाल सरकारको आधिकारिक निकायबाट सो व्यहोरा बमोजिमको व्यक्ति भनी सुचिकरण भएको पुष्ट्याई गर्ने कागजात ।

ग) सम्बन्धित माग निबेदन संग पुष्ट्याइ हुने अन्य कागजातहरु ।

घ) छबिसपाथिभेरा गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण ।

ङ) सम्बन्धित वडाको सिफारिस पत्र ।

## ६. सहायता सिफारिस समिति :

१. यस कार्यबिधि बमोजिम सहायता सिफारिस गर्न र कार्यक्रमको सदुपयोग सुनिश्चितता प्रदान गर्न देहाय बमोजिमको एक सहायता सिफारिस समिति हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष, छबिसपाथिभेरा गाउँपालिका | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष, छबिसपाथिभेरा गाउँपालिका | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत, छबिसपाथिभेरा गाउँपालिका | सदस्य |
| घ) कानुन अधिकृत वा कानुनी सल्लाहकार, छबिसपाथिभेरा गाउँपालिका | सदस्य |

ङ) प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारीले स्थानिय समितिको सचिवको रुपमा काम गर्नेछ।

२. स्थानीय समितिको काम,कर्तब्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :

क) प्राप्त हुन आएका निबेदन उपर छानबिन गर्ने,

ख) मनासिब देखिएका निबेदन उपर तोकिए बमोजिमको सहायता रकम उपलब्ध गराउन सिफारिस् गर्ने ।

ग) सहायता रकम प्रभाबकारीताको अनुगमन गर्ने ।

**७. बजेट निकासा प्रक्रिया :**

सहायता सिफरिस समितिको निर्णय बाट सिफारिस भई आएका निबेदन अनुसार लाभग्राहीलाई बैंक खाता मार्फत सहायता रकम उपलब्ध गराइने छ ।

**८. सहायता रकमको सीमा :**

यस कार्यविधि बमोजिमको सहायता रकम बिनियोजित रकमको सीमा भित्र रहेर उपलब्ध गराइने छ ।

**९. दोहोरो सहायता लिन नहुने :**

संगोलमा बसेका एक परिवारका लागि एक सदस्यलाई मात्र सहायता उपलब्ध गराईने छ । अशक्त एकल र जेष्ठनागरिक सामाजिक सुरक्षा भत्ता तथा निबृत्तीभरण पाउनेको हकमा यसले बाधा पुऱ्याएको मानिने छैन ।

**१०. झुठा विवरण पेश गरि आर्थिक सहायता लिनेलाई कार्बाहि :**

झुठा विवरण पेश गरि रकम सहायता लिएको पाइएमा सम्बन्धित ब्यक्तिबाट बुझि लगेको रकम र झुठा बिवरण पेश गरि लिएको रकम असुल उपर गरिनेछ ।

अनुसुची १

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

पासपोर्ट साइजको फोटो

श्री संयोजक ज्यू
सहायता सिफारिस समिति
छबिसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ्ग ।

म राजनैतिक आन्दोलनमा शहिद,मृतक तथा बेपत्ता परिवार भएकोले **"जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलन मा शहिद,मृतक तथा बेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धि कार्यबिधि २०७९"** को दफा ३ बमोजिमको निम्न लिखित कागजात संलग्न गरी सहायता रकम उलब्ध गराई दिनहुन निबेदन गर्दछु । यसमा लेखिएको ब्यहोरा सहि सत्य हुन । झुट्टा ठहरे कानुन बमोजिम सहुँला । बुझाउँला ।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

२. हालसालै खिचेको फोटो २ प्रति ।

३. जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलन मा शहिद भएका तथा बेपत्ता पारिएका परिवार खुल्ने कागजात ।

४. छबिसपाथिभेरा गाउँपालिका भित्र स्थायी बसोबास गरेको प्रमाण ।

५. सम्वन्धित माग पुष्ट्याई हुने अन्य कागजातहरु ।

६. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

**बैंक खाता सम्वन्धि विवरण :**

बैंकको नाम :

शाखा :

खाता नं.

**निबेदकको नामथर :**

ठेगाना :

दरखास्त :

मिति :

सर्म्पक नं.: